मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : ६९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ ११ गते आइतबार (Sunday, 25 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## भारतीय नागरिक खैरो हेरोइनसहित पक्राउ

**काठमाडौं, माघ १०।** भारतीय नम्बर प्लेटको कारमा सवार दुई भारतीय नागरिक ठूलो परिमाणको खैरो हेरोइनसहित बर्दियाको बाँसगढी क्षेत्रबाट पक्राउ परेका छन् ।

नेपालगञ्ज बाँसगढी नगरपालिका-५स्थित पुरानो गोल्डेन फ्युचर स्कुल नजिक बबई सिञ्चाइ नहरको दक्षिण किनाराबाट १३१ ग्राम ५४० मिलिग्राम खैरो हेरोइनसहित कारमा सवार दुई जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ ।

लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नेपालगञ्ज

(बाँकी अन्तिम पृष्ठमा)



**गहुँबालीमा कीटनाशक विषादि:** सुनसरीको इनरुवा नगरपालिका-९मा गहुँबालीमा कीटनाशक विषादि छर्कँदै किसान । रासस

# झापा ५: चर्चाको केन्द्रमा ओली–बालेन

**झापा, माघ १०।** झापा क्षेत्र नम्बर ५ अहिले मुलुकको सबैभन्दा चासो र राजनीतिक चर्चाको केन्द्र बनेको छ ।

आगामी फागुन २१मा प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेकपा एमाले अध्यक्ष खड्गप्रसाद ‘केपी’ शर्मा ओली र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह ( बालेन)बीचको प्रतिष्पर्धाले यहाँको राजनीति र मतदाताको विवेकलाई परीक्षण पनि गर्ने भएको छ ।

झापाको पश्चिमी भेग, विशेषगरी माईपश्चिम भनेर चिनिने क्षेत्र, दमक, कमल, गौरादह र गौरीगञ्जका मतदाताले एमाले अध्यक्ष ओलीलाई यसअघि निर्वाचित गराउँदै आएका थिए । फरक-फरक समयमा भएका राजनीतिक गठजोड र तालमेलले झापा-५बाट हरेकपटक ओली निर्वाचित हुँदै संसदीय राजनीतिमा चारपटकसम्म प्रधानमन्त्री बने ।

पञ्चायती कालमा पनि माईपश्चिमका मतदाताले कट्टर पञ्चको दबाबलाई अस्वीकार गर्दै बामपन्थी र बहुदलीय उम्मेदवारलाई विजयी बनाएका थिए । २०४८देखि ओली झापाको प्रतिनिधिसभामा एमालेको तर्फबाट उम्मेदवार बन्दै विजयी हुँदै आएका छन् ।

संविधानसभा र संघीय निर्वाचनहरूमा पनि झापा-५का मतदाताले आफ्नो विवेकलाई प्राथमिकता दिँदै पार्टीको लोकप्रियताभन्दा बलियो र परिवर्तन चाहने उम्मेदवारलाई मत दिएका छन् । २०७९को संघीय निर्वाचनमा ओलीले ५२ हजार मत पाएका थिए भने कांग्रेसका खगेन्द्र अधिकारी २३ हजार र रास्वपाका सुरेशकुमार पोखरेल ११ हजार मत ल्याएका थिए । स्थानीय तहको निर्वाचनमा कांग्रेसले दमक, कमल, गौरादह र गौरीगञ्जमा केही सफलता हात पारेको भए पनि संघीयस्तरमा ओलीको प्रभाव कायम छ ।



ओलीले झापा-५का मतदाता र कार्यकर्तालाई अवसर दिने शैली समेत नअपनाएका होइनन् । गौरादह, दमक र कमल क्षेत्रका दर्जनौं नेताहरू ओलीको सिफारिसमा विभिन्न पदमा पुगेका छन् । यस्ता व्यक्तिगत अवसर मतदातामा उनको लोकप्रियता कायम राख्ने प्रमुख कारण हो ।

झापा-५मा कूल मतदाता १ लाख ६३ हजार ३ सय ७९ रहेका छन् । १८-२९ वर्षका युवा मतदाताको भाग २२ प्रतिशत, ३०-४५ वर्षका ३३ प्रतिशत, ४५-६० वर्षका २८ प्रतिशत र ६० वर्षमाथिका १७ प्रतिशत रहेको छ । विगतका प्रवृत्ति अनुसार करिब ६३ प्रतिशत मत खस्ने अपेक्षा गरिएको छ । ओलीलाई हराउन कांग्रेस उम्मेदवारले करिब १९ हजार र रास्वपा उम्मेदवारले ३१ हजार मत बढाउनु पर्ने देखिन्छ । यसले संकेत गर्दछ कि मतदाता अझै विवेकपूर्ण छनौटमा केन्द्रित छन् र गठजोड वा दलीय दबाब मात्र पर्याप्त नहुनसक्छ ।

झापा-५को निर्वाचन केवल पार्टीको जित-हार नभएर, मतदाताको विवेक र नेतृत्व चयनको मापन हुनेछ । ओली-शाह प्रतिष्पर्धाले यहाँको राजनीतिक परिदृश्य र भविष्यका प्रतिनिधिहरूको चयनमा निर्णायक भूमिका खेल्ने स्थानीयहरु बताउँछन् ।

अघिल्ला निर्वाचनमा ओली झापामा मनोनयन दर्ता गर्न आए लगत्तै काठमाडौं फर्कन्थे । तर, यो पटक ओलीको झापा बसाई लम्बिएको छ । मनोनयन दर्ताको अघिल्लो दिन नै झापा आएका ओलीले मनोनयन दर्तापछि आफ्नो निर्वाचन क्षेत्रमा घरदैलो अभियान चलाए । जेन-जी आन्दोलनका क्रममा क्षति पुगेका भौतिक संरचनाको निरीक्षण गरे, विभिन्न स्थानमा आयोजना गरिएको सभालाई सम्बोधन गरे । विशेषगरी दमकको दक्षिणी भागलाई प्राथमिकतामा

(बाँकी अन्तिम पृष्ठमा)

## नक्कली कर्मचारी नियन्त्रणमा

**काठमाडौँ, माघ १०।** गृह मन्त्रालयको शाखा अधिकृत हुँ भनी नक्कली कर्मचारी परिचयपत्र देखाएर अन्य व्यक्तिको व्यक्तिगत तथ्याङ्क लिन खोज्ने नक्कली अधिकृतलाई अध्यागमन विभागले नियन्त्रणमा लिएको छ ।

विभागका निर्देशक एवम् प्रवक्ता टीकाराम ढकालले उक्त व्यक्तिलाई जिल्ला प्रहरी परिसर, भद्रकालीमा बुझाएको जानकारी दिए । नक्कली परिचय-पत्र देखाउने व्यक्ति तनहुँका कृष जिसी रहेका छन् । आफूलाई सक्कली अधिकृतको परिचय दिन उनी निजामती पोशाकमै आएका थिए । परिचयको क्रममा निजले आफू ब्याट-३७को शाखा अधिकृत भएको र विगत चार महिनादेखि गृह मन्त्रालयको कर्मचारी प्रशासन शाखामा कार्यरत भएको बताएका थिए ।

उनका अनुसार विगत सात महिनादेखि गृह मन्त्रालयको अधिकृतको नक्कली परिचयपत्र देखाइ काठमाडौँको एउटा प्रतिष्ठित होटलसँग सम्पर्क बढाएको बुझिन्छ । एक महिलाले होटलका व्यवसायीलाई ठगी गरेर फरार भएकाले होटलका बाउन्सरले गृहका तीनै नक्कली अधिकृतसँग पैसा असूली गरिदिन सहयोग मागेका थिए ।

नक्कली अधिकृत उक्त होटलका बाउन्सरलाई लिएर अध्यागमन विभागमा आएका थिए । उनले यसरी ठगी गर्ने महिलाको वैदेशिक भ्रमण रोक्का गरी अध्यागमनको कालोसूचीमा राखिदिने प्रलोभन देखाएका थिए । विभागमा उपस्थित भएपछि उक्त महिलाको नाम देखाएर निजको राहदानी र नागरिकताको प्रतिलिपि माग गरेका थिए ।

उनले निजलाई कालोसूचीमा राखिदिन समेत अनुरोध गरेका थिए । नक्कली अधिकृतले यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको शाखा अधिकृतको परिचय-पत्रसमेत लिएको खुलेको छ । अध्यागमन विभागको इन्टेलीजेन्स र प्रशासन शाखामा सम्पर्क गरेका निजको परिचय-पत्रमा कर्मचारी सङ्केत नं. अस्वाभाविक देखिएको थियो । निजसँग आएका होटलका बाउन्सरलाई भने अध्यागमन विभागले सामान्य सोधपुछ गरेर छाडेको प्रवक्ता ढकालले बताए ।

## रुखबाट लडेर राईको मृत्यु

**झापा, माघ १०।** रुखबाट लडेर झापा गाउँपालिकामा एक जनाको मृत्यु भएको छ ।

झापा गाउँपालिका-६ फूलगाछी निवासी ४५ वर्षीय तुलाराम राई सोही ठाउँस्थित रानी वनमा रुखमा चढी बाख्राको लागि घाँस काट्ने क्रममा अचानक चिप्लिएर तल खसेका थिए । रुखबाट लड्दा गम्भीर घाइते भएका राईलाई तत्काल उपचारका लागि बिर्तामोडस्थित बिर्ता सिटी अस्पताल ल्याइएको थियो ।

उपचारकै क्रममा राईको मृत्यु भएको प्रहरीले जनाएको छ । घटनापछि आवश्यक कानूनी प्रक्रिया पूरा गरी शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## वाणिज्य बैंकको निष्क्रिय कर्जा ४.५५%

**काठमाडौँ, माघ १०।** सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको चालू आर्थिक वर्षको प्रथम छ महिनासम्मको निष्क्रिय कर्जा ४.५५ प्रतिशत रहेको तथा नाफा रु. एक अर्ब ७५ करोड भएको जनाएको छ । यो अपरिस्कृत विवरण हो ।

बैंकको ६१औं वार्षिकोत्सवका अवसरमा शनिवार आयोजित कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष देवकुमार ढकालले उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखेर बैंकले कर्जा प्रवाह गरिरहेको जानकारी दिए । हाल पुँजीबजार, निर्माण, सेवा, लगानी प्रवर्द्धन एवम् विकास निर्माणका क्षेत्रमा सकारात्मक सङ्केत देखिएका छन्, यसले अर्थतन्त्रमा आशाको सञ्चार गरेको छ- उनले भने । बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले नवीन




सोच र सङ्कल्पका बैंकले वित्तीय सेवा प्रवाह गर्दै आएको बताए ।

कर्जा प्रवाह बढाउनु चुनौति भएको स्वीकार गर्दै उनले भने- बैंकको पुँजीको आधार सुदृढ बनाउन रु तीन खर्ब बराबरको ऋणपत्र निष्कासनको तयारीमा रहेको छ । बैंकसँग हाल कर्जा निक्षेपको अनुपातका आधारमा रु. एक खर्ब ७१ अर्ब तथा तरलताका आधारमा रु एक खर्ब ३९ अर्बको लगानीयोग्य रकम देखिएतापनि पुँजी पर्याप्तता आधारमा थप रु. १८ अर्ब मात्र कर्जा प्रवाह गर्ने अवस्था छ ।

कार्यक्रममा दिइएको जानकारी अनुसार बैंकले निक्षेपतर्फ ४७ लाख ४३ हजार र कर्जातर्फ दुई लाख २६ हजारभन्दा बढी ग्राहकलाई सेवा दिँदै आएको छ ।

चुक्ता पुँजी रु. १५ अर्ब ६३ करोड भएको बैंकले चालू आवका छ महिनामा कूल निक्षेप रु. पाँच खर्ब ५३ अर्ब सङ्कलन तथा रु. १९ अर्ब बराबरको कर्जा प्रवाह गरेको छ ।

## शिवाकोटीलाई गोपीकृष्ण स्मृति पुरस्कार



**झापा, माघ १०।** बिर्तामोड-७ निवासी शिक्षासेवी खिलप्रसाद शिवाकोटी गोपीकृष्ण स्मृति पुरस्कारबाट सम्मानित भएका छन् ।

गोपीकृष्ण स्मृति प्रतिष्ठान बिर्तामोड-४ले स्वर्गीय गोपीकृष्ण खनालको ७९औं जन्मजयन्ती तथा तेस्रो गोपीकृष्ण स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा शिवाकोटीलाई उक्त पुरस्कार प्रदान गरेको हो ।

बिर्तामोडस्थित गोमेन्द्र बहुमुखी महाविद्यालयको सभाहलमा आयोजित कार्यक्रममा उनलाई ५० हजार पाँच रुपैयाँ नगद, सम्मानपत्र तथा दोसल्ला अर्पण गरिएको थियो । प्रमुख अतिथि राष्ट्रियसभा सदस्य तथा सामाजिक व्यक्तित्व गोपालकुमार बस्नेत र प्रतिष्ठानकी संरक्षक रूपादेवी खनालले संयुक्त रूपमा शिवाकोटीलाई सम्मान गरेका थिए ।

प्रतिष्ठानका उपाध्यक्ष सरू भुर्तेल खनालको अध्यक्षतामा भएको कार्यक्रमको औचित्यमाथि प्रकाश तथा स्वागत सचिव तीर्थ सिग्देलले गरेका थिए । कार्यक्रमको सञ्चालन प्रतिष्ठानका सल्लाहकार डा.

(बाँकी अन्तिम पृष्ठमा)

## सुपारी किसानद्वारा सडक आन्दोलनको घोषणा

**झापा, माघ १०।** आफ्ना मागहरू सरकारले बेवास्ता गरे कडा सडक आन्दोलनमा उत्रिने चेतावनी दिँदै सुपारी किसानहरूले आन्दोलनको घोषणा गरेका छन् ।

आन्दोलनरत् सुपारी किसानहरूले शनिवार झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालमार्फत सरकारको ध्यानाकर्षण गराउँदै ८ बुँदे मागसहितको ज्ञापन-पत्र बुझाएका हुन् । सुपारी उत्पादन तथा प्रवर्द्धन कृषि कम्पनी प्रालि, सुपारी उत्पादक किसान संघ नेपाल लगायत किसान प्रतिनिधिहरूको सहभागितामा ज्ञापन-पत्र बुझाइएको थियो ।

ज्ञापनपत्र बुझाएपछि सुपारी उत्पादन तथा प्रवर्द्धन कृषि कम्पनी प्रालिका अध्यक्षले सरकारको वर्तमान नीतिका कारण सुपारी किसानहरू गम्भीर संकटमा परेको बताए । उनका अनुसार सुपारी बालीलाई औपचारिक रूपमा ‘कृषि उपज’ को सूचीमा सूचीकृत गर्नुपर्ने, विदेशबाट सुपारी आयात पूर्ण रूपमा रोक्नुपर्ने र स्वदेशी सुपारी निर्यातका लागि सहज भन्सार व्यवस्था गर्नुपर्ने लगायतका मागहरू ज्ञापन-पत्रमा समेटिएका छन् ।

सुपारी उत्पादक किसान संघ नेपालका अध्यक्षले वर्तमान सरकारी निर्णयहरूले सुपारी किसान विस्थापित हुने खतरा बढाएको उल्लेख गर्दै समयमै समाधान नभए आन्दोलन अपरिहार्य हुने चेतावनी दिएका छन् । किसान महासंघका सदस्य थिरप्रसाद खतिवडाले सरकारको ज्यादती र बेवास्ताविरुद्ध सम्पूर्ण सुपारी किसान एकजुट भएर आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

त्यस्तै, माघ मसान्तसम्म मागहरू सम्बोधन नभए चरणबद्ध रूपमा सडक आन्दोलनमा जान बाध्य हुने प्रालिका अध्यक्ष खतिवडाले बताएका छन् । ज्ञापन-पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गेलालले किसानहरूको मागलाई गम्भीरतापूर्वक लिएको र आवश्यक पहल गर्दै ती मागहरू सरकार समक्ष पठाइने प्रतिबद्धता व्यक्त गरेका छन् ।

ज्ञापन-पत्र बुझाउने क्रममा प्रालिका सचिव बोदराज दाहाल, हेमराज भट्टराई, छोटबहादुर राई, प्रकाश पुरी, रमेश खतिवडा लगायतका सुपारी किसानहरूको सहभागिता रहेको थियो ।

## सुतिरहेकै अवस्थामा तीन जनाको मृत्यु

**झापा, माघ १०।** झापाका विभिन्न स्थानमा सुतिरहेकै अवस्थामा तीन जनाको मृत्यु भएको छ ।

इलाम नगरपालिका-९ का स्थायी बासिन्दा भई हाल मेचीनगर नगरपालिका-६ काँकरभिट्टास्थित सुन्दर श्रेष्ठको घरमा डेरा गरी बस्दै आएका ५६ वर्षीय हेमकुमार सुन्दास आफ्नै कोठामा सुतिरहेको अवस्थामा मृत फेला परेका छन् । उनलाई मृत अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ ।

त्यस्तै, शिवसताक्षी नगरपालिका-११ गुम्बाटोल घर भई सोही ठाउँका खड्गबहादुर फुँयालको घरमा एक्लै डेरा गरी बस्ने ४२ वर्षीय धनबहादुर राई बिहीवार राति खाना खाएर खाटमा सुतेका थिए । उनी शुक्रवार बिहान करिब ९:३० बजे कोठामै मृत फेला परेको प्रहरीले जनाएको छ ।

अर्को घटनामा शिवसताक्षी नगरपालिका-३ दोभाने टोलका ३० वर्षीय विकास गजमेर र उनका सोल्टी नाता पर्ने शिवसताक्षी-८ निवासी ३० वर्षीय बुद्धिमान

(बाँकी अन्तिम पृष्ठमा)

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :

Birtamode Eye Hospital

CHARPANE, JHAPA, MECHI, NEPAL

PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I

Web: birtamodeeyehospital.org

# झापामा जेन–जी युवाको साथ इन्दिरा रानालाई



**झापा, माघ १०।** विघटित प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानालाई झापा क्षेत्र नम्बर २मा जेन–जी युवाहरूले साथ दिएका छन् ।

झापा गोल्डकपको तयारी अभियान अन्तर्गत उनले शनिवार युवाहरूसँगै साइकल यात्रा गर्दै युवापुस्तासँग प्रत्यक्ष संवाद गरेकी छन् । बिर्ताबजारदेखि अर्जुनधारा नगरपालिका–स्थित महानन्द चौकसम्म आयोजित साइकल यात्रामा सयौं जेन–जी युवाको सहभागिता रहेको थियो । खेलकुद, नेतृत्व विकास र सकारात्मक सामाजिक अभियानमा युवालाई जोड्ने उद्देश्यसहित गरिएको कार्यक्रममा निवर्तमान उपसभामुख रानाले युवासँगै साइकल चलाउँदै सहभागिता जनाएकी थिइन् ।

कार्यक्रमका क्रममा रानाले झापा गोल्डकप केवल खेलकुद प्रतियोगितामा सीमित नरही युवाको ऊर्जा, अनुशासन र नेतृत्व क्षमतालाई उजागर गर्ने अभियान भएको उल्लेख गरिन् । उनले खेलकुदमार्फत युवालाई अनुशासित, आत्मनिर्भर र जिम्मेवार नागरिक बनाउनेतर्फ सबै पक्ष मिलेर लाग्नुपर्ने आवश्यकता औंल्याइन् ।

साइकल यात्रामा सहभागी युवाहरूले खेलकुद, नेतृत्व र सामाजिक अभियानमा रानाको सक्रियताले आफूहरू प्रेरित भएको प्रतिक्रिया दिएका छन् । उनीहरूले झापा गोल्डकपको तयारीमा युवाको भूमिकालाई अझ प्रभावकारी बनाउन यस्ता कार्यक्रम उपयोगी हुने बताएका थिए । आयोजक पक्षका अनुसार आगामी दिनमा पनि युवालाई लक्षित गर्दै विभिन्न सचेतनामूलक तथा खेलकुद केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

# कनकाई उवा संघमा कार्की

**सुरुङ्गा, माघ १०।** कनकाई उद्योग वाणिज्य संघ सुरुङ्गाको ११औं साधारणसभा र चौथो अधिवेशनले जनक कार्कीको अध्यक्षतामा १७ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

विगत २० वर्षदेखि निरन्तर संस्थामा जोडिएका कार्की व्यापारी तथा व्यवसायीमाझ लोकप्रिय र सहयोगी व्यक्तित्वको रूमा परिचित छन् ।

सर्वसम्मत चयन भएको समितिको वरिष्ठ उपाध्यक्षमा सरोज सिटौला, वाणिज्य उपाध्यक्षमा डिल्लीराम पौडेल, उद्योग उपाध्यक्षमा टीकाराम बराल, महासचिवमा सोमनाथ उप्रेती, वाणिज्य सचिवमा शान्ता अधिकारी, उद्योग सचिवमा सागर ओली र कोषाध्यक्षमा राजकुमार साह चुनिएका छन् ।

महिला सदस्यमा चित्राकुमारी श्रेष्ठ, निर्मला चाम्लिङ राई र लक्ष्मी बस्नेत रहेका छन् भने खुला सदस्यहररूमा रमेश भट्टराई, दीपेन्द्र थपलिया, शङ्कर मैनाली, दुर्गाप्रसाद पाठक (राजु), मानबहादुर दाहाल(कुमार) र तिलकबहादुर श्रेष्ठ रहेका छन् ।

सर्वसम्मत नेतृत्व चयनका लागि संघका पूर्वअध्यक्ष कुमारमणि पोखरेल संयोजक, एलपी उप्रेती र डम्बरप्रसाद फुयाँल सदस्य रहेको निर्वाचन समितिले भूमिका खेलेको थियो ।

# बचत संघ झापामा गिरी



**झापा, माघ १०।** बचत तथा ऋण सहकारी संघ लि. झापाको अध्यक्षमा युवराज गिरी निर्वाचित भएका छन् ।

संघको नयाँ नेतृत्व चयनका लागि शनिवार सम्पन्न निर्वाचनबाट पातलगंगा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष गिरीले सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष उपेन्द्रप्रसाद ओलीलाई पराजित गर्दै अध्यक्ष पद हात पारेका हुन् । निर्वाचनमा गिरीले ६३ मत प्राप्त गर्दा ओलीले ४८ मत पाएका थिए ।

अध्यक्ष बाहेकका अन्य पदमा भने सर्वसम्मतबाट नेतृत्व चयन गरिएको निर्वाचन समितिले जनाएको छ । नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा यामकुमार चुडाल, महिला उपाध्यक्षमा सुशीला रिजाल र सचिवमा बिनोद ढकाल निर्वाचित भएका छन् ।

नवनिर्वाचित अध्यक्ष गिरीले सहकारी अभियानलाई अझ व्यवस्थित, पारदर्शी र सदस्यकेन्द्रित बनाउने प्रतिबद्धता व्यक्त गर्दै सबै सहकारी संस्थाको साझा हितका लागि काम गर्ने बताएका छन् ।

# झापा गोल्डकपमा एकैदिन ५० सदस्य

**बिर्तामोड, माघ १०।** निवर्तमान अध्यक्ष बिनोद बस्नेतको स्मृतिमा हुन लागेको झापा गोल्डकपको सातौँ संस्करणका लागि समाजसेवी राजु बस्नेतको पहलमा एकैदिन ५० जना नयाँ सदस्य थपिएका छन् ।

बिनोद बस्नेतका सहोदर भाइ राजुको अगुवाइमा ५० जनाले एकै दिन झापा गोल्डकपको सदस्यता लिएको गोल्डकपका अध्यक्ष केदार गिरीले जानकारी दिए । समाजका विभिन्न क्षेत्रमा आवद्ध रहेका व्यक्तिहरुलाई बस्नेतले झापा गोल्डकपको सदस्य बन्न आग्रह गरेपछि सदस्यता लिएको बताइएको छ । सदस्य बनेका सबैजनालाई रसिद समेत प्रदान गरिसकिएको बस्नेतले बताए । झापा गोल्डकपको सातौँ संस्करणमा मात्र हालसम्म १७० जना नयाँ सदस्य बनिसकेका छन् । गोल्डकपमा त्यसबाहेक ६५० जना सदस्य रहेका छन् ।

यसैबीच, नेपालकै सर्वाधिक धनराशिको प्रतिष्ठित गोल्डकपको तयारी अन्तिम चरणमा पुगेको अध्यक्ष गिरीले बताए । गोल्डकपको सातौँ संस्करण यही माघ २४ गतेदेखि फागुन ४ गतेसम्म डोमालाल राजवंशी रंगशालामा हुँदैछ ।

# ‘गोबर गणेश’ को ९ दिनको कमाइ १ करोड १० लाख




हाँस्य कलाकार मरिचमान श्रेष्ठ ‘बल्छी धुर्वे’ को लेखन तथा निर्देशनमा निर्माण भएको चलचित्र ‘गोबर गणेश’ को बक्स अफिस कलेक्सन सार्वजनिक भएको छ ।

माघे संक्रान्तिको अवसर पारेर माघ १ गतेदेखि प्रदर्शनमा आएको यो चलचित्रले १ करोड १० लाख रुपैयाँ बढीको ग्रस कलेक्सन गरेको छ । यो कमाई प्रदर्शन भएदेखी ९ दिनसम्मको हो ।

प्रदर्शनको दोस्रो सातामा पनि चलचित्रले हलमा दर्शकको उत्साहजनक साथ पाइरहेको निर्माण टिमको दाबी छ । दर्शकको सकारात्मक प्रतिक्रियाका कारण ‘गोबर गणेश’ हेर्ने दर्शकको संख्या दिनप्रतिदिन बढ्दै गएको निर्माण टिम बताउँछ ।

यतिबेला यो चलचित्रका कलाकारहरू उपत्यका बाहिरका विभिन्न सिनेमा हलहरूमा पुगी दर्शकको प्रतिक्रिया लिइरहेका छन् । बल्छी धुर्वे फिल्मसको प्रस्तुतिमा तयार भएको यो चलचित्रमा मरिचमान श्रेष्ठसँगै वर्षा शिवाकोटी, बुद्धि तामाङ, पदम तामाङ, विनोद न्यौपाने, निर्मल शर्मा, माओत्से गुरुङ र सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), सन्तोष बानियाँ लगायतका कलाकारको अभिनय देख्न सकिन्छ ।

# डिन झापाको कार्यालय भवन उद्‌घाटन



**झापा, माघ १०।** डिप्लोमा इञ्जिनियर्स एशोसिएसन नेपाल( डिन) झापाको कार्यालय भवन उद्‌घाटन भएको छ ।

एक कार्यक्रमका बीच डिप्लोमा इञ्जिनियर्स एशोसिएशन नेपाल (डिन) का केन्द्रीय अध्यक्ष कामेश्वर सिंह र जग्गादाता गोपीकृष्ण प्रसाईले नवनिर्मित भवनको उद्‌घाटन गरेका हुन् ।

पिता जयन्द्र र माता धनमाया प्रसाईको स्मृतिमा छोराबुहारी गोपीकृष्ण र टीकादेवी प्रसाईले २०७१ साल फागुन ३ गते एक कठ्ठा जग्गा निःशुल्क प्रदान गरेका थिए । सो जग्गामा कोशी प्रदेश सरकारको १ करोड ८ लाखको बजेटमा आठ कोठे भवन निर्माण गरिएको हो ।

आर्थिक वर्ष २०७९-०८० मा ५० लाख र ०८१-०८२ मा ५८ लाख बजेट निकासा भएपछि शहरी विकास तथा भवन डिभिजन कार्यालयले ठेक्का लगाएर भवन निर्माण गरिदिएको डिन झापाका अध्यक्ष सडकलाल राजवंशीले बताए ।

कोशी प्रदेशमा सुनसरीपछि डिन झापाले आफ्नै कार्यालय भवन बनाएको अध्यक्ष राजवंशीले जानकारी दिए । काठमाडौमा केन्द्रीय कार्यालय र त्यसपछि झापा, सुनसरी र दाङमा मात्र जिल्ला शाखाहरुको आफ्नै कार्यालय भवन रहेको केन्द्रीय अध्यक्ष सिंहले बताए ।

डिन झापाका अध्यक्ष राजवंशीको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष सिंहको प्रमुख आतिथ्यमा भएको भवन उद्‌घाटन कार्यक्रममा, डिनका कोशी प्रदेश उपाध्यक्ष नारायण भट्टराईले बोलेका थिए ।

जग्गादाता प्रसाईलाई सम्मान गरिएको सो कार्यक्रमको सञ्चालन डिनका कोशी प्रदेश महासचिव कमल दाहालले गरेका थिए ।

# सवारी दुर्घटनामा मृत्यु

**झापा, माघ १०।** सवारी दुर्घटनामा घाइते भएका एक युवकको उपचारका क्रममा मृत्यु भएको छ ।

गत पुस ३० गते बिर्तामोड नगरपालिका-६ किरणचोकस्थित भित्री सडक खण्डमा बुट्टाबारीबाट किरणचोकतर्फ जाँदै गरेको मे२प ६५७८ नम्बरको मोटरसाइकल आफैँ अनियन्त्रित भई दुर्घटनामा परेको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक बिर्तामोड-६ निवासी १८ वर्षीय समर मुस्लिम गम्भीर घाइते भएका थिए । घाइते मुस्लिमलाई तत्काल उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल ल्याइएको थियो । अस्पतालमा उपचाररत् मुस्लिमको चिकित्सकले मृत्यु घोषणा गरेको प्रहरीले जनाएको छ ।

मृतकको शव सोही अस्पतालमा राखिएको छ भने घटनाको विषयमा आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## झापा ५ ...

रारेर विभिन्न कार्यक्रममा सरिक हुँदै शनिवार उनी काठमाडौ फर्किए ।

यस अघि २०४८मा पहिलोपटक प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार हुँदा ओली गाउँ, टोल र घरसम्म जान्थे । उनलाई गाडी नजाने ठाउँमा तत्कालीन गौरादह गाविसका अध्यक्ष दीपक कार्कीले दक्षिणी भेगका धेरै टोल र गाउँमा मोटरसाइकलमा चढाएर पुऱ्याउने गर्दथे ।

२०५१को निर्वाचनमा ओली मोटरसाइकलमा चढेनन्, जीपमा चढेर कोणसभा, आमसभा र सभामा सहभागी भएर सम्वोधन गरे । २०५६को निर्वाचनमा ओलीलाई विरलै कार्यकर्ताले मात्र हात मिलाउन पाए, धेरैले नमस्कारबाट अभिवादन गरे । किनकि उनका अघि र पछि सुरक्षाकर्मी धेरै हुन्थे । २०६४को संविधानसभा निर्वाचनमा ओलीलाई नजिक गएर दर्शन पाउने नेता ठूलै पदको मतदाता हुनु पर्ने प्रचलन विकास भयो ।

२०७० देखि हालसम्म ओलीले मतदाताको घरदैलो गरेनन् । उनी सभा र आमसभामा मात्रै जाने गरे । वक्ता उनीवाहेक एक वा दुई जना मात्रै हुने गरेका थिए । उनलाई भेट्न शुभेच्छुकले कार्यकर्ता, स्वयम्सेवक, सरकारी सुरक्षाकर्मी हुँदै बडीगार्डसम्म छिचोल्नुपर्ने बाध्यता बन्यो । २०७९को संघीय संसदको निर्वाचनमा ओलीले वडास्तरको भेलालाई सम्वोधन गर्न समेत भ्याएनन् । बरु स्थानीय तह विशेषका आमसभामा बोले । जहाँ सर्वसाधरण मतदाताको गुनासो वा सुझाव ओलीले नसुनेको एमाले वृत्तमै चर्चा हुँदै आएको छ । ओली भेट्न एमालेको विभिन्न तह पार गर्नु पर्छ जुन, असम्भव जस्तै हुने गरेको आरोप लाग्न थाल्यो ।

तर, झापा क्षेत्र नम्वर ५बाट रास्वपाका वरिष्ठ नेता बालेनले पनि मनोनयन दर्ता गरेपछि ओलीले मनोनयन दर्तासंगै कार्यकर्ता भेटघाटलाई बाक्लो बनाएका छन् ।

**सारथिले छाडे ओलीलाई**

२०७४को निर्वाचनमा केपी शर्मा ओली नेतृत्वको नेकपा एमाले र पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको नेकपा माओवादी मिलेर नेकपाको तर्फबाट ओली झापाको साविककै निर्वाचन क्षेत्रबाट उम्मेदवार भएका थिए । कांग्रेसले युवा नेता डा. खगेन्द्र अधिकारीलाई उम्मेदवार बनायो ।

ओलीले आफू पराजित भइन्छ भन्ने त्रासले कहींकतै कुनै दलसँग गठबन्धन नगरेको नेकपालाई झापाको हकमा भने तालमेल गराइछाडे । झापा ५मा राप्रपाले उम्मेदवार नउठाई ओलीलाई मत दिने र झापा क्षेत्र नम्वर ३मा एमालेले उम्मेदवार नउठाई राप्रपाका राजेन्द्र लिङ्देनलाई मत दिने सहमति गरे । सोही बमोजिम ओली र लिङ्देन दुबै बिजयी भए ।

संघीय संसदको २०७९को निर्वाचनमा राप्रपाका राजेन्द्र लिङ्देन र एमाले अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक सट्टेबाजी चलिरह्यो । देशव्यापी राप्रपासँग गठबन्धन गरेको कांग्रेसले झापामा भने गठबन्धन गर्न सकेन । परिणाम स्वरुप ओलीलाई राप्रपाले र लिङदेनलाई एमालेले उम्मेदवार नउठाई भोट खन्याएर बिजयको माला पहिरिए ।

२०७९मा कांग्रेसले पहिले नै पराजित भइसकेका डा.खगेन्द्र पाण्डव अधिकारीलाई पुनः उम्मेदवार बनायो । तर, उनलाई कांग्रेसका कार्यकर्ता र शुभेच्छुकले नै मत दिएनन् । अर्थात् पहिलेको भन्दा अधिकारीको मत कम आयो ।

ओली २८ हजार बढी मतले विजयी भए । गौरीगञ्ज र कमल गाउँपालिकामा बिजयी भएको, दमकमा उपमेयर र गौरादहमा चार वडाध्यक्ष जिताउन सफल कांग्रेसले ओलीको तुलनामा अधिकारीको ‘हाइट’ नपुगेको भनी अबमूल्यन समेत गरे । तर, यस पटक एमाले एक्लै निर्वाचनमा होमिएको छ । जसका कारण ओलीले संगठनको बलमा निर्वाचन जित्नुपर्ने दवाव छ । सारथिसँगको सहयात्रा छुटेपछि युवा पुस्ताले रुचाएका उम्मेदवार बालेनसँग ओलीको प्रतिष्पर्धा रोचक बनेको छ ।

**बालेनको क्रेज**

वर्षौंदेखि आफ्नो एकछत्र राजनीतिक ‘राज’ चलाउँदै आएका एमाले अध्यक्ष केपी शर्मा ओलीकाविरुद्ध काठमाडौंको मेयर पद त्यागेर ‘प्रधानमन्त्री’ बन्ने लक्ष्यसहित मैदानमा उत्रिएका रास्वपा नेता बालेन शाहले चुनौति दिएका छन् । यो प्रतिस्पर्धाले देशकै ध्यान खिचेको छ ।

दमकमा भाडाको घर लिएर चुनावी कमाण्ड सम्हालेका बालेनलाई भेट्न आउनेहरूको लर्को थामिनसक्नु छ । बालेनको ‘स्व्याग’ ले झापाली युवालाई तानिरहेको छ ।

रोचक त के छ भने, बालेनलाई भेट्न बालबालिकादेखि लौरो टेक्ने वृद्धवृद्धासम्मको भीड छ । कांग्रेस र एमालेका युवा नेताहरूलाई फकाउन बालेनको टोली निकै सक्रिय देखिएको छ । बुधबार दिनभर भेटघाटमा व्यस्त बालेनले बिहीबार पाथीभरा मन्दिर दर्शन गरेका थिए ।

बालेनको आगमनले झापाको स्थापित राजनीतिक शक्तिमा ठूलै कम्पन ल्याइदिएको छ । उम्मेदवारी दर्ताकै दिन यी दुई नेताबीचको दृश्य फरक देखिन्थ्यो । बालेन ६-७हजार समर्थकको जुलुससहित निर्वाचन अधिकृतको कार्यालय पुग्दा ओली भने सीमित कार्यकर्ता लिएर शान्तशैलीमा पुगेका थिए ।

## भारतीय ...

र बर्दिया प्रहरीको संयुक्त टोलीले लागूऔषध कारोबार भइरहेको सूचनापछि पुगेको प्रहरी टोलीले युपी ३२ पी टी ७४१० नम्बरको भारतीय नम्बर प्लेट भएको सेतो-कालो रंगको कार रोकी चेकजाँच गरेको थियो ।

चेकजाँचका क्रममा कारको पछाडिको सिटमा सवार अंकित कुमारले लगाएको जिन्स पाइन्टको अगाडिको खल्तीमा कालो प्लास्टिकभित्र लुकाइछिपाइ राखिएको खैरो हेरोइन फेला परेको इलाका प्रहरी कार्यालय मोतीपुर, बाँसगढी बर्दियाका प्रहरी निरीक्षक पर्शुराम चौधरीले जानकारी दिए ।

सूचना अधिकारी समेत रहेका चौधरीका अनुसार पक्राउ पर्नेमा भारत उत्तर प्रदेशस्थित बहराइच जिल्लाको मिहीपुरवा थाना निवासी २१ वर्षीय हर्षित यादव (कार चालक) र २२ वर्षीय अंकित कुमार रहेका छन् । साथै उनीहरूको साथबाट एक थान आइफोन, एक थान भिभो कम्पनीको स्क्रिन टच मोबाइल र कारसमेत नियन्त्रणमा लिइएको छ । पक्राउ परेका दुवै जनालाई बरामद सामग्रीसहित थप अनुसन्धान तथा कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

## सुतिरेहकै ...

बिक बिहीवार रातिसँगै सुतेका थिए । शुक्रवार बिहान ८ बजेसम्म दुवै जना नउठेपछि विकास गजमेरकी आमाले बोलाउँदा बुद्धिमान उठेका थिए भने विकास भने सुतिरहेकै अवस्थामा मृत फेला परेका थिए ।

घटनापछि प्रहरीले बुद्धिमानलाई नियन्त्रणमा लिएको छ । तीन वटै घटनाको विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## शिवाकोटीलाई ...

पुण्यप्रसाद सिग्देलले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि बस्नेत, साहित्यकार केशव आचार्य, सम्मानित व्यक्तित्व शिवाकोटी लगायतले शिक्षा, समाजसेवा र गोपीकृष्ण खनालको योगदानको चर्चा गर्दै शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।





**सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं ।**

**सार्वजनिक निकायले,**

- आफ्नो निकायसंग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्दछ ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रशारणको व्यवस्था गर्नुपर्दछ ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनुपर्दछ ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोवाइल नं. र तस्वीर सबैले देख्ने स्थानमा र वेवसाइट राख्नुपर्दछ ।
- कसैले सूचना मागे कानून बमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ ।

**नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## मतदाता परिवर्तनका बाहक

**नेपालका राजनीतिक दलहरु यतिखेर अस्तित्वको महासंग्राममा छन् । यसका लागि दलहरु मात्र होइन निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गर्ने दायित्वको निर्वाचन आयोग पनि कार्यतालिकासहित आफ्ना कार्यक्रम सुचारु गरिरहेको छ । त्यसो त आवधिक निर्वाचन प्रत्येक पाँच वर्षमा भइरहने नियमित प्रक्रिया हो । तर, पुराना र भण्डै चार दशकदेखि आलोपालो सत्तामा बसेका दलहरुको स्वार्थकेन्द्रित नीतिका कारण समयअघि नै निर्वाचन आएको छ । दलका नेताहरुका निरंकुश कार्यशैलीले उत्पन्न गरेको निराशा आक्रोशमा पुगेर समयअघि नै निर्वाचन हुन लागेको हो । दलहरुका कार्यशैलीबाट तिनकै कार्यकर्ता समेत असन्तुष्ट भइरहेका बेला नवपुस्ता जेन–जी बिद्रोहले राजनीतिमा परिवर्तन त ल्यायो नै मतदाताहरुलाई पनि वैकल्पिक शक्तिको खोजीमा लाग्न सचेत गराएको देखिन्छ ।**

**बहुदलको प्रारम्भ भएसँगै दश वर्षमै नेपाललाई स्वीटजरलेण्ड बनाउँछौं भन्ने नेताहरु कुशासनको दल–दलमा यति भासिए कि यसले आममतदातामा असन्तुष्टि र आक्रोश पैदा गर्‍यो । देश ऋणको भारमा चुर्लुम्म डुबेको छ । भ्रष्टाचार संस्थागत जस्तै छ र सारा युवाशक्ति रोजगारीको खोजीमा देश छाड्न बाध्य छन् । यसबीच पुराना र मूलधारका भनिएका दलहरु आलोपालो र गठबन्धनको सरकार बनाउने र आफ्नालाई काखी च्याप्ने खेलमै रमाएर बसे । जसका कारण तिनै दलका कार्यकर्ता र अवसरबाट वञ्चित नेता समेत आज विकल्प खोज्न बाध्य छन् । विकासका नाममा भ्रष्टाचार मौलाएको छ, राज्य संयन्त्रहरु स्वतन्त्र र निष्पक्ष हुन नसकेको आरोप लाग्दै आएको छ । ती सबै असन्तुष्टि गत भदौ २३ गतेको जेन–जी विद्रोहमा मुखरित भयो । त्यही केही घण्टाको बिद्रोहले २४ गते राष्ट्रिय सम्पदा लगायतका भौतिक संरचना ध्वस्त भए । विनाश सर्वथा अनुचित छ र हो, तर त्यसले सत्तासीन दलहरुमा चेतनाको ढोका खोलेन । यस्तो विषम् परिस्थितिमा गठन भएको नागरिक सरकार अहिले निर्वाचन मार्फत स्थिति बसाल्ने क्रममा छ ।**

**आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन पुराना दलहरुका लागि अग्नि परीक्षा हो । त्यही चुनावले नयाँ र वैकल्पिक शक्ति हौं भन्नेहरुका लागि समेत परीक्षण गर्दैछ । विगतमा जस्तो यसपटक गठबन्धन भएको छैन त्यसकारण पनि यो चुनावले उनीहरुको हैसियत देखाउने छ । नचाहेर पनि फरक विचारकालाई मतदान गर्ने विगतको अपवित्र गठबन्धन नभएकाले मतदाताले विवेकको प्रयोग स्वतन्त्र ढंगले गर्न पाउने छन् । यसले सत्तामा पुग्न जस्तोसुकै अपवित्र गठबन्धन गर्ने विगतको परम्परा तोडिएको मात्र छैन मतदाताले आफूले रोजेको प्रतिनिधि चयन गर्ने अवसर पनि प्राप्त गरेका छन् । यस्तो अवसर जेन–जी बिद्रोहकै परिणामबाट प्राप्त भएकाले उनीहरुको भावना अनुरुप पुस्तान्तरणद्वारा नयाँ र सभ्य शासन व्यवस्था निर्माण गर्ने अवसरका रुपमा निर्वाचनलाई उपयोग गर्नुपर्छ । आजको राजनीतिक परिवेशमा आम स्वतन्त्र मतदाताले पुराना र नयाँबीचको फरक छुट्याएर देशलाई समृद्ध बनाउन सक्ने नेता चुन्नुपर्छ । जनता नै अजेय शक्ति भएकाले शक्तिको प्रयोग गर्ने अधिकार सुरक्षित गर्नुपर्छ ।**

# नयाँले खोसेर लिए पुराना नेताका बिरासत



भुवन तामाङ



आनन्दसँग ज्येष्ठ नागरिक भत्ता खाँदै विश्राम या अवकाश जीवन बिताउनुपर्नेहरु सधैँ नेपाली राजनीतिक पार्टीका उच्च पदमा र सत्तामै बसिरहनाले नयाँ पुस्ताको क्षमता प्रदर्शनमा ब्रेक लागेको अवस्था छ। जसले गर्दा देशले पाउनुपर्ने नयाँ ऊर्जा, नयाँ जाँगर, नयाँ सोच, नयाँ श्रम, नयाँ नीति, नयाँ गति, नयाँ आयाम र नयाँ विकासहरुको अनिकाल लागेको अवस्था छ। त्यसै भएर होला हाल नेपालमा नयाँ पुस्ताहरुले बिद्रोहको आँधीबेहरी सहित ठूलै हलचल ल्याइदिएका छन् र पुरानाहरुलाई विस्थापन पनि गर्दैछन् ।

**नेपाली कांग्रेसमा पुस्तान्तरण :**

चाहेर होस् या नचाहेर नेपाली कांग्रेस पार्टीमा पुस्तान्तरणको चरण शुरु भएको छ। सजिलै हुन नसकिरहेको पुस्तान्तरण अन्ततः गगन थापा, विश्वप्रकाश शर्मा लगायतका नेताहरुले विशेष महाधिवेशनको माध्यमबाट अर्थात् बिधिबाटै पुस्तान्तरण लिए। एकप्रकारले भन्ने हो भने खोसेरै अधिकार लिएका छन्। ज्येष्ठ पुस्ताका नेताहरु बिलखबन्धमा परेका छन् तर सम्मानित स्थानमा राख्ने भनेर नयाँ पुस्ताले भनेका छन्। अभिभावकीय भूमिकामा रहेर पार्टीमा योगदान गर्न सक्ने देखिन्छन्।

पुराना पुस्ताको पद मोह, उच्च पदमा बसिरहने लोभ, पार्टी तथा देशको स्रोत साधनमा ढलिमलि गरिरहने कहिल्यै नमेटिने मृगतृष्णाले पार्टीमा पुस्तान्तरण कठिन भइरहेको थियो। तर, नेपाली काग्रेसमा ऐतिहासिक तथा सकारात्मक परिवर्तन भएको मान्न सकिन्छ। यो हुन पर्ने पनि थियो। किनकि यो पार्टी अनुभवी र आशालाग्दो पार्टी हो। अब नयाँ पुस्ता संसद र सत्तामा पुगेर पक्कै पनि देशका लागि नयाँ आयामले द्रुत विकास गर्ने छन् भन्नेमा आशावादी हुन सकिन्छ। नत्र त पुरानाकै जस्तो हालत हुनेछ। तसर्थः पनि पुस्तान्तरणलाई स्वर्णीम अवसरका रुपमा परिणत गर्नु नेकाका नयाँ पुस्ताहरुको मिसन या कर्तव्य हुन आउँछ।

**नेपाल कम्यूनिष्ट पार्टी (एमाले)मा पुस्तान्तरणः**

एमालेमा पुस्तान्तरण अझै केही वर्ष असम्भव जस्तै देखिन्छ। किनकि नयाँ पुस्ताहरुले आफ्ना लागि समर्थनको आधार नै बनाउन सकेका रहेनछन्। गत महाधिवेशनबाट केपी शर्मा ओली नै पार्टीका सर्वोच्च नेता चुनिए। पुस्तान्तरणको प्रश्न उठाउनेहरुले आफ्नो लागि समर्थन नै जुटाउन सकेनन्। अन्ततः केही वर्ष पछि नै बस्नुपर्ने स्थिति सिर्जना भएको छ। आगामी महाधिवेशनका लागि समर्थन जुटाउन त्यही अनुसारका व्यबहार, योजना, क्षमता र समन्वय कला प्रदर्शन गर्नु जरुरी देखिएको छ। पुस्तान्तरण हुन नसकेकै कारणले माधव नेपाल, झलनाथ खनाल लगायतका नेताहरु एमालेबाट अलग्गिए तर पुस्तान्तरण लिन आफूलाई योग्य पनि त बनाउनुपर्छ र आँट पनि चाहिन्छ।

**अन्य पार्टीहरुमा पुस्तान्तरण :**

अन्य पार्टीमा पनि पुस्तान्तरण दयनीय अवस्थामा रहेका पाइन्छन्। पुस्तान्तरण हुन नसकेकै कारण माओवादी पार्टी कमजोर र छिन्नभिन्न भएको देखिन्छ। सो पार्टीका नेताहरु कोही कता कोही कता लागेका छन्। कतिपय त अवकाश जस्तै अवस्थामा छन्। पुस्तान्तरण, जिम्मेवारी तथा पद हस्तान्तरण नभएपछि आफ्ना उर्जाहरु त्यतिकै खेर फाल्न सकिँदैन भन्दै लाखापाखा लागेका अवस्था देखिन्छ। माओवादी बाहेकका पार्टीहरु पनि छिन्नभिन्न अवस्थामा रहेका देखिन्छन्। नेताहरु मिसिने र छुट्टिने क्रम चलिरहेको देखिन्छ। पार्टीहरु पनि समायोजन, बिलय र फ्याकपर्ने क्रम चलिरहेका देखिन्छन्। राजनीतिमा यो एउटा गज्जबको संस्कृतिको विकास भएको पाइन्छ जसले नेपाली राजनीतिको युगानुकुल विकास क्रम रोकिदिएको छ।

**नयाँहरुको छुट्टै नयाँ पार्टीहरु निर्माण :**

स्थापीत पुराना राजनीतिक पार्टीहरुमा पुस्तान्तरण असम्भव भएपछि र नयाँहरुले अवसर नपाएपछि नयाँ पुस्ताहरुले नयाँ-नयाँ पार्टीको निर्माण गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो नेपाल पार्टी, श्रम संस्कृति पार्टी लगायत थुप्रै नयाँ पार्टीहरु निर्माण भइ आसन्न निर्बाचनमा भाग पनि लिँदैछन्। यसलाई पुस्तान्तरणको एउटा उत्कृष्ट रुप मान्न सकिन्छ। नयाँ पुस्ताले आफ्नै सोच र प्रयासमा आफ्ना लागि आफै नै राजनीतिक अवसर सिर्जना गरेका छन्। यसलाई सकारात्मक रुपमा लिनु सान्दर्भिक हुन्छ।

किनकि नेपाल अव यथास्थितिमा, कक्रिएर बस्न सक्दैन र बस्न हुँदैन पनि। विश्वका देशहरुले कति प्रगति गरिसके अनि नेपाल चाहिँ जहिल्यै पनि पुराना राजनीतिक पार्टीहरुको पेवा, घरेडी, परेड खेल्ने ठाउँ, ढलीमली गर्ने ठाउँ, नातावाद, कृपावाद र फरियावादको शिकार भइरहन सक्दैन। यस्तो गएगुज्रेको अवस्थाबाट हाम्रो देशलाई बाहिर ल्याउनै पर्दछ र विकास पथका नयाँ विचार, नयाँ जोश जाँगर अनि नयाँ शैलीमा दगुराउनै पर्दछ। यस्तै विचार र योजना लिएर नयाँ पुस्ताहरु नयाँ नयाँ पार्टीहरुका माध्यमबाट देशको बागडोर सम्हाल्न आइरहेका देखिन्छन्। यस घटनालाई पनि नयाँले पुरानाका बिरासत खोसेको रुपमा लिन सकिन्छ।

**कहिल्यै नखुलेको चेत :**

गनन थापाले कतै भने अझै चेत फिरेन, के भयो भने हामी चेत्छौं, अनि कहिले चाहिँ चेत्छौं ? चेतप्रतिको थापाको यो भनाई या प्रश्न निकै गहन र समयसान्दर्भिक छ। नेपाली कांग्रेसका अग्रजहरुले अहिलेको जुन अवस्था झेलिरहेका छन् त्यो उनीहरुको चेतमा बिर्को लागेकै कारणले हो। चेतेका भएत सानदार तरिकाले पुस्तान्तरण गर्दथे र इज्जतिलो भएर पार्टीलाई मार्गदर्शन गर्दथे। नचेतेपछि अनुभवी र शीर्ष भए पनि यस्तै हविगत हुन्छ।

अब रह्यो नयाँ पुस्ताहरुको राजनीतिमा दमदार आगमन। राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो नेपाल पार्टी, श्रम संस्कृति पार्टी आदि अहिले चर्चामा रहनु र जनताहरुका बीचमा छोटै समयमा लोकप्रिय बस्नु पनि स्थापित भनिएका पुराना पार्टीका राजनीतिज्ञहरुमा चेत नखुल्नु नै हो। युग अनुसारको चेतको विकास नभएपछि शताब्दी लामो इतिहास बनाएका पार्टीहरु नयाँ पार्टीहरुका अगाडि निरीह बन्नुपर्दो रहेछ। चेतको अभावमा पुराना पार्टीहरुले आफ्ना लागि संकट निम्त्याएका छन्।

**नयाँ पार्टीहरुको उदय पुस्तान्तरणको नमूना :**

स्थापित पुराना राजनीतिक पार्टीहरुले पुस्तान्तरण नगरेपछि नयाँहरुले आफै नै मौलिक पाराको पुस्तान्तरण गरेका छन्। नयाँहरुले आकर्षक पार्टीहरु मात्र जन्माएनन् अब संसद र सत्ता नै कब्जा गर्ने यात्रामा द्रुतगतिमा अगाडि बढिरहेका छन्। प्रधानमन्त्री पनि तोकिसकेका छन्। छलाङ मार्ने मार्गमा दौडिरहेका छन्। पुस्तान्तरण यसरी पनि हुँदो रहेछ। नयाँ अर्थात् नेपालका युवापुस्ताले पुस्तान्तरणको नयाँ मोडल प्रतिपादन गरेका छन्।

**नयाा र पुरानाको भिडन्त :**

निश्चय पनि यो आम चुनाव नयाँ पार्टीहरु र पुराना पार्टीहरु बीचको प्रतिस्पर्धाको रुपमा हुँदैछ। पहिला पहिला पुरानै पार्टीमात्र भिड्दथे। यसपाली पुराना र नयाँहरु भिड्दैछन्। दुबै पक्षका लागि परीक्षाको घडी भएको छ। नयाँहरुले सटिक एजेन्डा नबनाए पनि नयाँ जोशजाँगरसहित आएका छन्। पुरानाका कमजोरीबाट सिकेर आएका छन्। यो निकै राम्रो पक्ष हो। पुरानाहरु पनि पक्कै पनि नयाँ सोच, योजना र सुधारसहित आउनेमा आशावादी हुन सकिन्छ। यो नै समयको माग हो। नवीन युग सुहाउँदो नेतृत्व र योजना देश र जनताले पाउन्।

# भगवान बेचेर परिवार पाल्दै

चाउरी परेका गाला, निधारभरि उमेरका रेखा तर अनुहारमा कहिल्यै नओइलाउने मीठो मुस्कान। उमेरले आठ दशक नाघ्नै लागे पनि जोस र आत्मविश्वास भने अझै जवान छ। विराटनगर-बरगाछीस्थित जय माँ काली मूर्तिकला केन्द्रभित्र पस्ने जो-कोहीलाई पहिलो नजरमै लाग्छ यो कुनै थाकेको वृद्धको संसार होइन, आफ्नै श्रम र विश्वासले बनाएको एउटा जीवित कलाको दुनियाँ हो। यही संसारका सर्जक हुनुहुन्छ- ८० वर्षीय दिनेशकुमार मेहेतो।

हातमा माटो, आँखामा भगवान्को आकृति र मनमा निरन्तर सिर्जनाको ऊर्जा बोकेर बसेका मेहेतोको दिन आज पनि उस्तै व्यस्त छ। बिहानदेखि साँझसम्म मूर्तिकलामै डुबिरहने उहाँको जीवनशैली हेर्दा उमेरले कहिल्यै छोएन जस्तो लाग्छ। झन्डै साढे चार दशकअघि शुरु गरिएको मूर्तिकला व्यवसाय आज मेहेतोका लागि केबल जीविकोपार्जनको साधन मात्र होइन, जीवनकै अर्थ बनेको छ। परिवारको खुशी, आस्थाको सम्मान र आत्मसन्तुष्टिको संसार उहाँले यही कार्यशालाभित्र सजाउनु भएको छ। माटोबाट देवता बनाउने यो यात्रामा उहाँले समय, स्वास्थ्य र उमेरको सीमा कहिल्यै मापन गर्नुभएन। असी वर्ष पुगिसक्दा पनि उहाँ आफ्नो पेसा र भविष्यप्रति ढुक्क देखिनुहुन्छ।

उहाँको यो भनाइ केबल शब्द होइन, जीवनभरको अभ्यास र विश्वासको प्रतिफल हो। बरगाछीको यो सानो मूर्तिकला केन्द्र मेहेतोका लागि पसल मात्र होइन, यो उनको साधना, पहिचान र जीवन यात्राको साक्षी हो। उहाँको जोस देख्दा यस्तो लाग्छ, उहाँले संसार जितिसक्नुभएको छ। त्यही आफूले जितेको संसार आफ्नो दुनियाँमा सजाएर परिवारलाई खुशी बाँडिरहनुभएको छ। झन्डै साढे चार दशक अगाडि मूर्तिकला व्यवसाय शुरु गर्नुभएका मेहेतोलाई अझै पनि आफ्नो श्वास रहुन्जेल यही पेसालाई निरन्तरता दिएर गुजारा चलाइन्छ भन्ने लागेको छ। कर्म सबैले गर्छन्, कर्म गर्नेहरु त्यही कर्मलाई पूजा ठान्छन्, तर दिनेशका लागि भने पूजा नै कर्म हो। बिहान उठेर नित्यकर्म सकेपछि उहाँको दैनिकी यही मन्दिर बनाउने कलाबाट शुरु हुन्छ र दिनको अन्त्य पनि।



मेहेतोको १० जनाको परिवारको सबै आर्थिक भार थेग्दै आएको छ मूर्तिकला व्यवसायले। शुरु-शुरुमा एक्लैको सीपले जेनतेन परिवार पाल्दै आएका मेहेतो छोराहरु हुर्किँदै गएपछि कहिल्यै पछाडि फर्केर हेर्नु नपरेको बताउनुहुन्छ। छोराहरु सानो हुँदै गर्दा उहाँको काममा श्रीमतीले पनि सहयोग गर्नुहुन्थ्यो। पछि छोराहरुले सीप सिकेपछि उनीहरुले पनि बुबालाई साथ दिन थालेका छन्। यो पेसामा मात्र होइन, हरेक पेसामा दुःख, अप्ठ्यारो जस्ता साह्रो-गाह्रो सबैलाई हुने कुरा भएकाले आफूहरुलाई त्यस्ता कुराले कहिल्यै हतास नभएको महतो बताउनुहुन्छ। दिनेशका तीन छोरा मध्ये जेठो राकेश पहिलेदेखि नै बाबुको सीपलाई सिकेर बाबुकै केन्द्रको काम सम्हाल्दै आउनुभएको छ भने माइला छोरा नितेश सात वर्ष पहिले गाडी तथा सिटी सफारी चलाउने काम गर्नुहुन्छ। हाल उहाँ पनि बाबुकै व्यापारमा सहयोग गरिरहनुभएको छ भने कान्छो छोरा केन्द्रबाट नै आल्मोनियमको काम गर्दै आउनुभएको छ।

दिनेशका माहिला छोरा नितेश आफूले बुझ्ने भएदेखि बुबाहरु यति मूर्तिकलाको काम गर्दै आउनुभएकाले यो पेसाप्रति छुट्टै प्रकारको लगाव भएको बताउनुहुन्छ। बुबाको यो पेसाप्रतिको लगन र प्रेम देखेपछि आफूलाई अन्य पेसामा जान मन नलागेका कारण आफूले पनि यही सीप सिकेर काम शुरु गरेको बताउनुहुन्छ। मूर्ति निर्माणका लागि आवश्यक पर्ने कच्चापदार्थको रुपमा माटो पराल सुत्ली ( सनपाटको डोरी) काँटी, सजावटको कपडा, मुकुट कपाल जस्ता विभिन्न प्रकारका नक्कली गहनाहरु भारतको सिलगुडीबाट ल्याउने गरेको नितेश बताउनुहुन्छ। वर्षौंदेखि एकै ठाउँमा एउटै व्यक्तिले व्यावसायिक रुपमा मूर्ति बनाउँदै आएकाले बजारको समस्या छैन। वर्षको एक लाख १० हजार भाडा तिरेर परिवार पाल्न कुनै समस्या नरहेको दिनेश बताउनुहुन्छ। केही वर्षयता भने पहिलेको जस्तो मूर्तिको माग नआएको निकेश बताउनुहुन्छ।

कतिपय ग्राहकहरु मूर्ति बनाउन माग दिएर जान्छन्, तर फर्केर आउँदैनन्, त्यस्तो अवस्थामा भने उनीहरुलाई निकै असहज हुने गर्दछ। बैशाखबाट शुरु गरे पनि माघसम्म मूर्तिकलाको काममा निकै व्यस्त समय हो। माघदेखि वैशाखसम्म फेरि व्यापार सुक्खा हुन्छ। यो छ महिना बेमौसममा पनि बाबुले व्यापार धान्ने गर्नुभएको छ। कहिलेकाहीँ दिनेशलाई आफूले बनाएको मूर्ति बेच्दा खल्लो लाग्ने गरेको बताउनुहुन्छ। बाबुले यति भनिरहँदा छोरा नितेश भने भने आफूहरुलाई मूर्ति बनाएर बाँच्नु भनेर भगवान्ले आशीर्वाद स्वरुप कला दिएको बताउनुहुन्छ।

केन्द्रमा भगवान्का मूर्तिहरू मात्रै आँखामा पर्दैनन्, कुनामा सजाएर राखिएका माटोका चुला, परम्परागत भाँडाकुँडा, स-साना सजावटी सामग्री र दैनिक प्रयोगमा आउने कलात्मक वस्तुहरूले पनि ध्यान तान्छन्। यी सामग्रीहरूले जय माँ काली मूर्तिकला केन्द्रलाई केबल मूर्तिको पसल होइन, माटोबाट बनेको एउटा जीवन्त संस्कृति संग्रहालय जस्तै बनाइदिएका छन्। यी अधिकांश कलात्मक सामग्री दिनेशकुमार मेहेतोकी श्रीमतीको हातको सीप हुन्। उहाँ फुर्सदका क्षणलाई खाली बस्न नदिई माटोसँग खेल्दै सिर्जनामा लगाउने गर्नुहुन्छ। घरायसी जिम्मेवारी र पारिवारिक कामकाजबीच उहाँले समय निकालेर बनाएका माटोका सामग्री अहिले केन्द्रको अर्को पहिचान बन्दै गएका छन्।

विशेषगरी माटोका चुलाहरू ग्राहकबीच निकै लोकप्रिय छन्। परम्परागत स्वाद र चुलोको न्यानोपन खोज्ने ग्राहकहरूले यी चुलालाई प्राथमिकताका साथ लैजाने गरेको मेहेतो दम्पती बताउनुहुन्छ। “आजभोलि पनि माटोको चुलो खोज्दै आउनेहरू धेरै हुन्छन्,” दिनेश भन्नुहुन्छ, “पहिले मूर्ति लिन आउने ग्राहकले ‘यस्ता अरू माटोका सामान पनि बनाउनुहुन्छ ?’ भनेर सोध्न थाले। ग्राहकको यही चासो र मागपछि केन्द्रमा मूर्ति बाहेक अन्य सामग्री राख्ने क्रम शुरु भएको हो।

दैनिक जीवनमा प्रयोग हुने भाँडाकुँडा, धुपदानी, माटोका बत्ती, फूलदानी, खुत्रुक्के र चुलो बिक्रीका लागि राखिएका छन्। यसले मेहेतो परिवारलाई अतिरिक्त आम्दानी मात्रै दिएको छैन, परम्परागत माटोको सीपलाई जोगाइराख्ने एउटा माध्यम पनि बनेको छ। दिनेश मूर्ति बनाउँदै गर्दा श्रीमती अर्को कुनामा माटोका सामग्रीलाई आकार दिइरहेकी देखिनुहुन्छ। त्यो दृश्य आफैँमा श्रम, सहकार्य र पारिवारिक आत्मनिर्भरताको कथा पनि हो। सानो ठाउँमा अटाएका यी माटोका सामग्रीहरूले केन्द्रलाई अझ जीवन्त बनाएका छन्। कतिपय ग्राहकहरू मूर्ति हेर्न छिर्छन् तर हातमा माटोको चुलो वा सजावटी सामग्री किनेर निस्किने गर्दछन्। यसरी जय माँ काली मूर्तिकला केन्द्रमा माटो केबल पूजा र आस्थासँग मात्र होइन, दैनिकी र जीवनशैलीसँग पनि जोडिएको छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** धार्मिक यात्रा हुनेछ, साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा बृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** आज दिन मध्यम छ, स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानाले मन आनन्दित हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, विशेष काममा साथीभाइहरूले साथ दिनेछन्, आज मनोरञ्जनमा ध्यान जानेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** बोलिमा विचार पुर्‍याउनुहोला, बोलिको भरमा काम फत्ते हुने समय छ, स्वास्थ्यमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय बलवान छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** आजको समय मध्यम छ, गरेका काममा सफलता मिल्नेछ, मुखमा चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, मनमा खिन्नता पैदा हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** आज तपाईलाई विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, आयआर्जन हुने समय छ, तपाईको समय उत्तमसिद्धि रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाको विवाद हटेर जानेछ, धैर्यका साथ यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायासँग सम्बन्धित कामबाट लाभ मिल्नाले मन खुशी हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुर्‍याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

मिति २०८२/१०/१० शनिबारको
**सुनचाँदी मूल्य**

छापावाला
सुन प्रति तोला
रु. ३०,१९००।-

चाँदी
प्रति तोला
रु. ६२०५।-

# गायत्री भजनले गुञ्जायमान भयो गायत्री मन्दिर



**बिर्तामोड, माघ १०।** एक वर्षअघि बिर्तामोड नगरपालिका-५ मा स्थापना भएको गायत्री माताको मन्दिरले आफ्नो प्रथम वार्षिकोत्सव अत्यन्तै भव्य, श्रद्धामय र भक्तिभावले ओतप्रोत वातावरणमा सम्पन्न गरेको छ ।

पूर्वमै पहिलो पटक स्थापना भएको यस पवित्र धाममा शुक्रबार दिनभरि विशेष पूजा-अनुष्ठान, धार्मिक प्रवचन तथा साँझ भव्य भजन सन्ध्याको आयोजना गरी वार्षिकोत्सव मनाइएको हो । साँझ पर्दासँगै गायत्री भजन तथा धार्मिक गीतहरूले मन्दिर परिसर गुञ्जायमान बन्यो ।

'गायत्री भजन सहित धार्मिक भजनले गुञ्जियो गायत्री मन्दिर, श्रद्धालुले उल्लासमय बनाए गायत्री मन्दिरलाई' भन्ने दृश्य सजीव बनेको थियो । प्रसिद्ध भजन गायक राजु अधिकारी, रोशन अधिकारी र गुञ्जन दाहालसहितको टोलीले प्रस्तुत गरेका भक्ति गीतले हजारौँ श्रद्धालुलाई भावविभोर बनाएको थियो ।

धार्मिक तथा सांस्कृतिक कार्यक्रममा विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, पूर्व मन्त्री सरिता प्रसाईं, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईं, उप-प्रमुख नगेन्द्रप्रसाद संग्रौला, अरिदमण गण चारआलीका प्रमुख सेनानी सरोज थापा, राष्ट्रिय अनुसन्धान विभाग झापाका उप-निर्देशक उमेश पाण्डे लगायत विभिन्न संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो ।

वार्षिकोत्सवका अवसरमा विशेष पूजा-अनुष्ठान, धार्मिक प्रवचन तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । भव्य सृंगार गरिएको मन्दिरमा महाप्रसाद वितरण गरिँदा भक्तजनको लामो पंक्ति लागेको थियो ।

श्रद्धा, शान्ति र आध्यात्मिक ऊर्जा फैलिएको मन्दिर परिसर साँच्चिकै तीर्थस्थलको अनुभूति दिने गरी सजिएको थियो । मन्दिर निर्माण समितिका संयोजक तथा संरक्षक रोनक बंशलका अनुसार मन्दिर निर्माणमा सहयोग पुऱ्याउने स्थानीय सरकार, प्रदेश सरकार तथा विभिन्न दाताप्रति हार्दिक धन्यवाद व्यक्त गरिएको छ ।

गायत्री माताको मन्दिर निर्माण सम्पन्न भएपछि पाँच दिने विशेष अनुष्ठानको उद्घाटन गर्दै नेपाल राष्ट्रका प्रथम ऐतिहासिक जगतगुरु अनन्तश्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजबाट विशेष प्रवचन समेत आयोजना गरिएको थियो । उनका प्रवचनले भक्तजनलाई धर्म, कर्म र सदाचारको मार्गमा अग्रसर हुन प्रेरित गरेको सहभागीहरूले बताएका छन् ।

श्रद्धा, भक्ति र संगीतको त्रिवेणीले एकाकार बनेको यस प्रथम वार्षिकोत्सवले गायत्री माताप्रतिको आस्था अझ प्रगाढ बनाएको र मन्दिरलाई पूर्वको महत्वपूर्ण धार्मिक केन्द्रका रूपमा स्थापित गर्ने विश्वास आयोजकहरूले व्यक्त गरेका छन् । मन्दिरका सल्लाहकार समिति सदस्य स्वस्तिका अचार्यले स्वागत गरेको कार्यक्रमको सञ्चालन नेपाल पत्रकार महासंघ झापाका निर्वतमान उपाध्यक्ष केशव भट्टराईले गरेका थिए ।

# अनारमनी युवा क्लवद्वारा प्रशिक्षण सामग्री हस्तान्तरण

**बिर्तामोड, माघ १०।** अनारमनी सामाजिक युवा क्लबको आयोजनामा सैनिक क्षेत्रका अन्डर-१४ उमेर समूहका फुटबल खेलाडीहरूलाई प्रशिक्षणका लागि आवश्यक खेल सामग्री हस्तान्तरण गरिएको छ ।




क्लवका पदाधिकारी तथा सदस्यहरूको उपस्थितिमा सम्पन्न कार्यक्रममा युवा खेलाडीहरूको खेलकुद क्षमता अभिवृद्धि गर्ने उद्देश्यले एजिलिटी ल्याडर, स्टिक्स, हर्डल्स, मार्कर्स, बिब्स, कोन्स लगायतका विविध प्रशिक्षण सामग्री प्रदान गरिएको थियो ।

कार्यक्रममा क्लवका अध्यक्ष राज मुखियाले खेलकुदले युवाहरूमा अनुशासन, शारीरिक स्वास्थ्य, आत्मविश्वास तथा नेतृत्व विकासमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै आगामी दिनहरूमा पनि यस्ता सामाजिक तथा खेलकुद सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने बताए ।

कार्यक्रमका प्रमुख अतिथि वडा नं. १० का वडाध्यक्ष दुर्योधन गुरुङ, बिर्तामोड नगर खेलकुद समितिका उपाध्यक्ष सन्तोष गुरुङ तथा बिर्तामोड नगरपालिकाका लेखा अधिकृत तेजेन्द्र तामाङले युवामाझ खेलकुदको महत्व र यसको दीर्घकालीन प्रभावबारे आ-आफ्नो धारणा राखे ।

कार्यक्रमका प्रमुख अतिथि वडा नं. १० का वडाध्यक्ष गुरुङले खेलकुद केवल शारीरिक व्यायामको माध्यम मात्र नभई युवाहरूको सर्वाङ्गीण विकासको आधार स्तम्भ भएको उल्लेख गरे । कार्यक्रम अनारमनी सामाजिक युवा क्लबका सचिव रुपेश तिम्सिनाले सञ्चालन गरेका थिए ।

# सुशासनका लागि अभियान

**भोजपुर, माघ १०।** भोजपुरको रामप्रसादराई गाउँपालिकाले सुशासन कायम गर्न अभियान सञ्चालन गर्ने भएको छ ।

स्थानीय सरकार सम्बन्धी अभिमुखीकरण कार्यक्रममा उक्त जानकारी दिइएको हो । प्रमुख जिल्ला अधिकारी राजन पौडेलसहित जनप्रतिनिधि तथा सरोकार भएकाहरुको उपस्थितिमा भएको उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष थामबहादुर राईले परदर्शिता र जवाफदेहीता सुनिश्चित नभएसम्म सुशासन कायम गर्न सम्भव नहुने भएकाले अभियान नै सञ्चालन गर्नुपरेको बताए ।

सुशासन तथा स्थानीय सेवा समितिका संयोजक एकराज आचार्यले सुशासनको अभावमा सेवा प्रवाह प्रभावित हुने भएकाले हरेक कर्मचारीलाई जिम्मेवार बनाउन अभियान थालिने जानकारी दिए ।

# नागरिक आवास कार्यक्रमको रकम कटौती

**भोजपुर, माघ १०।** सङ्घीय सरकारले बजेट नदिएपछि भोजपुरको रामप्रसाद राई गाउँपालिकाले सुरक्षित नागरिक आवास कार्यक्रमका लागि आफैँ बजेट विनियोजन गरी रकम वितरण गर्न थालेको छ ।

पालिकाले विशेष अधिवेशनबाट एक करोड ५५ लाख २५ हजार रकम विनियोजन गरेको थियो । पालिकाले केन्द्रीय सरकार अन्तर्गत सघन सहरी विकास कार्यक्रम मार्फत विनियोजन हुनुपर्ने बजेट हालसम्म निकासा नभएपछि पालिका आफैँले स्रोत सुनिश्चित गरेको हो । पालिकाले सुरक्षित नागरिक आवाश व्यवस्थित ऐन २०८२ निर्माण गरेर स्रोत सुनिश्चितता गरेको थियो ।

फुसको छानो हटाउने कार्यक्रममा पालिकाका ८७१ घरधुरी छनौट भएका थिए । जसमध्ये ७४२ घरधुरीले सम्झौता गरेकोमा ६०१ घरधुरीले जस्ता पाता फेरेपनि ३०१ घरधुरीले मात्र हालसम्म भुक्तानी लिएका छन् । गाउँपालिका अध्यक्ष थामबहादुर राईले ३०० घरधुरीले भुक्तानी लिन बाँकी रहेको र १४१ घरधुरीले बजेट अभावका कारण छाना फेर्न नसकेको बताए ।

भुक्तानी लिन बाँकी रहेको ३०० घरधुरीमध्ये २०७ घर धुरीको भुक्तानीका लागि एक करोड ५५ लाख २५ हजार बजेट सुनिश्चित गरिएको गाउँपालिका अध्यक्ष राईले जानकारी दिए ।


## सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।

कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४५००३

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।

सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
- पेट सम्बन्धी समस्या
- मुटु सम्बन्धी समस्या
- राति निद्रा नलाग्ने
- छाती दुख्ने
- फोक्सो सम्बन्धी समस्या
- बाथ
- थाईराईड
- रक्तचाप
- मधुमेह
डाक्टर आउने समय :
बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website
www.drishtieye.org
सबैका लागी दृष्टि
सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

SUNMAI SPRING
'थोपा-थोपामा जीवन छ'
HACCP · ISO 9001:2015 CERTIFIED COMPANY · स्वदेशी हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## वैदेशिक रोजगार

**के तपाई विदेश जान चाहनुहुन्छ ?** यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई** सम्झनुहोस् । **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## वैदेशिक रोजगार

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१


## वार्ता प्रक्रियाद्वारा मसला प्रजातीका काठ दाउरा बिक्री सम्बन्धी सूचना

**तेश्रो पटक प्रकाशित मिति : २०८२।१०।११**

उपरोक्त सम्वन्धमा यस आयोजनाको १० वर्षे दीर्घकालिन योजना (२०७५/०७६ (२०८५/०८६) अनुरुप कटान गर्नुपर्ने मसला प्रजातीका प्लटहरुबाट उत्पादन हुने वार्षिक अनुमानित गोलिया र वल्लावल्ली २५००००.०० क्यू. फिट तथा दाउरा १००.०० चट्टाको दरले ५ वर्षको लागि वार्ता प्रक्रियाद्वारा दीर्घकालीन सम्झौता गरी आफ्नै खर्चमा उठाई लैजाने गरी समितिको निर्धारित दररेट भन्दा के-कति बढीमा अधिकतम् कति परिमाणसम्म खरिद गर्ने हो ? इच्छुक उद्योग/स:मिल/भेनियर/प्लाईउडले रीतपूर्वकको स्थायी लेखा नं. (PAN) वा आयकर दर्ता तथा मू.अ.कर (VAT)मा दर्ता भएको नवीकरण गरिएको प्रमाण-पत्रको प्रतिलिपि र आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा सूचीकृत प्रमाणपत्रको प्रतिलिपि लगायतका उद्योगका कागजात र धरौटीसहित यो सूचना प्रकाशित भएको मितिले आठौं दिनभित्र (विदा भए सोको भोलिपल्ट कार्यालय खुलेको दिन दिनको ३:०० बजेभित्र) यस आयोजना कार्यालय, केर्खा, झापा वा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय, ववरमहल काठमाडौंमा विस्तृत प्रस्ताव-पत्र दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा जानकारी आयोजना कार्यालय केरखा, झापा वा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय ववरमहल, काठमाडौंमा सम्पर्क राखी लिन सकिने छ ।

**रतुवामाई वृक्षारोपण आयोजना, केर्खा, झापा**
सम्पर्क नं. : ९७४१७७८१२३
इमेल : ratuwamaiproject@gmail.com


## मार्बल शिलालेख

यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

शुद्ध दूधको स्वस्थ उत्पादन
## कोसेली

"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## UPVC झ्याल ढोका

टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकीलाई** सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३


## डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।

**डेंगी के हो ?**
डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने[redacted]
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने[redacted]
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर अ[redacted] जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट ब[redacted] रोगबाट प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अ[redacted]हुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिक[redacted]
झापा, कोशी प्रदेश